प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय कैलाली

धनगढी, कैलाली

## गोलिया काठ डाँक बढाबढद्वारा लिलाम बिक्रीको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७८।७।१)

उपरोक्त विषयमा श्री सुदूरपश्चिम प्रदेश सशस्त्र प्रहरी बल मुख्यालय, धनगढी, कैलालीले माग गरे बमोजिम सरकारी रुखहरु हटाउने मापदण्ड,२०७१ को दफा १० बमोजिमको समितिको मिति २०७८।५।१० को बैठकले सिफारिस गरे बमोजिम कटानमुछान भएका सरकारी रुखहरुबाट संकलन भएको र उक्त बलको मुख्यालय घाटगद्दीमा रहेको सिसौ जातको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीले डाँक बढाबढ हुने दिन उल्लेखित डाँक बढाबढहुने समयभन्दा ३० मिनेटअघि निवेदन दर्ता गरी डाँक बढाबढमा भाग लिन आव्हान गरिन्छ। यस सम्बन्धी अन्य जानकारीको लागि डिभिजन वन कार्यालय कैलालीमा सम्पर्क गर्न हुन तथा फोन नं. ०९१-५२११३३ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल :

१.गोलिया काठको विवरण:

| लट नं. | जात | ग्रेड | गोलिया थान | परिमाण (क्यु.फिट) | न्यूनतम् मूल्य (रु.) | संकलन खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/ २०७८।०७९ | सिसौ (वृक्षारोपण) | ए | ३ | २५।४० | १०१६०।- | १०३४८।- | |
| | | बी | २९ | १०३।९४ | २०७८८।- | | |
| | | जम्मा | ३२ | १२९।३५ | ३०९४८।- | १०३४८।- | |

२.डाँक बढाबढ हुने स्थान, मिति र समय :

क) स्थान : डिभिजन वन कार्यालय कैलाली ख) मिति २०७८।०७।०७ ग) समय : दिउँसो ३:०० बजे देखि ।यदि उक्त दिन सार्वजनिक बिदा परेमा सो मितिको भोलिपल्ट उपरोक्त समयमा नै डाँक बढाबढ गरिनेछ ।

३) डाँक बढाबढ न्यूनतम् मुल्यबाट शुरु गरिनेछ ।

४) लिलाम प्रकृयामा भाग लिने सबैले डाँक बोल्नुपूर्व न्यूनतम् मूल्यको १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ।

५) लिलाम स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार डि.व.अ.मा निहित हुनेछ ।

६) लिलाम बढाबढ हुने काठ कार्यालय खुलेको समयमा घाटगद्दीमा गई अवलोकन गर्न सकिनेछ ।

७) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भउको मितिले ७(सात) दिनभित्र कबोल गरेको रकम, संकलन खर्च र मू.अ.कर समेत बुझाई सक्नुपर्नेछ ।

८) अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयबाट वा सम्पर्क नं. ०९१-५२११३३ बाट समेत जानकारी लिन सकिनेछ ।

ईति सम्वत् २०७८ साल कार्तिक महिना १ गते रोज २ शुभम् ।

Scanned with CamScanner